**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.१७२

पुनरावेदन नं. ०७८-RB-०१२५

**मुद्दाः- आयकर (२०७२/०७३)।**

| | |
|---|---|
| अत्तारी ट्रेड एण्ड सप्लायर्स (स्थायी लेखा नं. ३०१८१४९६६) को प्रोप्राइटर अब्दुल रम्जान मियाँ........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल,काठमाण्डौ.................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ...........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री अर्जुन प्रसाद भट्टराई

शुरु कार्यालयको निर्णय मितिः-२०७७।०९।२७

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री झक्कप्रसाद आचार्य

निर्णय मितिः२०७८।०३।१३

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री जुबिन निरौला खत्री,

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकाश बन्जारा

**अबलम्बित नजीर:**

पुनरावेदक कम्पनीका हकमा मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौंबाट मिति २०७७।०९।२७मा भएको संशोधित कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको मिति २०७८।०३।१३ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. मध्यमस्तरीय करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री अत्तारी ट्रेड एण्ड सप्लायर्सले आ.व. २०७२/०७३ को कारोबारको आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.४,३५,०३८।८१ करयोग्य आय कायम गरी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलमा मिति २०७३/०९/१४ मा आय विवरण पेश गरेको।

२. करदाताले कर परीक्षणको क्रममा उपलब्ध गराएको कागजात तथा प्रमाण, र आय विवरसाथ संलग्न कागजातहरु, फाँटवारी र अन्य प्रमाणहरुको अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको करपरीक्षण प्रतिबेदन बमोजिम आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय रु. ३९,०५,२८१।७९ कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र ठोस प्रमाण पेश गर्न आधार र कारण समेतको विस्तृत व्यहोरा खुलाई मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट मिति २०७७/०८/२३ मा करदाताको नाममा जारी भएको सूचना।

३. २०७७/०८/२३ को लिखित सूचना जारी गरिएकोमा उक्त सूचना करदाताले मिति २०७७/०८/२३ मा नै बुझिलिई करदाताले सोको जवाफ तोकिएको म्याद भित्र पेश नगरेको ।

४. करदाताले कर परीक्षणको क्रममा उपलब्ध गराएको कागजात तथा प्रमाण र आय विवरणसाथ संलग्न कागजातहरु, फाँटवारी र अन्य प्रमाणहरुको अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको करपरीक्षण प्रतिबेदन बमोजिम आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाइने खर्च कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम करदाताको आ.व.२०७२/०७३

को लागि रू.३९,०५,२८१।७९(अक्षरेपी उन्नचालीस लाख पाँच हजार दुई सय एकासी रूपैया उन्नानसी पैसा मात्र) करयोग्य आयमा आयकर ऐन, २०५८ बमोजिम संशोधित कर निर्धारण गर्ने गरी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट मिति २०७७।०९।२७ मा भएको निर्णय ।

५. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौंले मिति २०७७/०९/२८ मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता अत्तारी ट्रेड एण्ड सप्लायर्सले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७/१२/०१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताको खरिद खाता र विक्रि खाता तथा आय विवरणको अनूसूची १३ र मिसम्याचको भिडान तथा परीक्षण गर्दा नेपाल दूरसंचार कम्पनी लिमिटेड र पानस फार्मास्यूटिकल्स प्रा.लि.लाई यस फर्मले विक्री गरेको रकम कम देखाएको तथा पेश नगरेको र विक्री खातामा समेत उल्लेख नगरेको, उक्त रकम बराबरको मेरो विक्रि होईन भन्ने उक्त पार्टीहरुबाट कन्फरमेशन पत्रसमेत निवेदकले कर परीक्षणको क्रममा तथा कर निर्धारणको सुचनामा समेत पेश गरेको देखिएन। बिक्रि फरक पर्नुको आधार कारण तथा आफ्नो प्रमाण पेश गर्नुपर्ने दायित्व पुरा नगरेकोले कम बिक्रि देखाएको रकम रू. ४,९५,३८२।५४ लाई आयकर ऐन २०५८ को दफा ७ बमोजिम लाई मुनाफा र लाभमा समावेश गरी संशोधित आयकर निर्धारण गरेको मनासिव नै देखिदा निवेदकको निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०३।१३ मा भएको निर्णय।

७. करदाता अत्तारी ट्रेड एण्ड सप्लायर्सले आर्थिक वर्ष २०७२/७३ को कारोवारको आय विवरणमा आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित करयोग्य आय रु. ३९,०५,२८१।७९ कायम गर्ने गरी संशोधित आयकर निर्धारण गरेकोले ऋण रकम कम देखिएको भन्ने सन्दर्भमा आय विवरणको वासलातमा ऋण रकम रू.८०,००,०००।- रहेको यद्यपी कुमारी बैंक लि., नेपालगञ्ज शाखाको सन् सेप्टेम्बर १९,२०२० को पत्रमा ऋण रू.९९,८१,२०२।८७ देखाईएकोमा उक्त बैंकबाट जारी गरिएको पत्रमा देखाईएको STL as on Ashad end २०७३ यस फर्मको वास्तविक ऋण नभएको व्यहोरा सोही बैंकबाट सन् जुलाई २६, २०१६ मा जारी भएको Ref. No. 2073/74/KBL/NPI/CRO/572/2077178 को पत्रबाट स्पष्ट रूपमा देखिएको र सोही पत्रको अन्तिम खण्डमा (Note: Kindly ignore previous detail & proceed further according to above mention on letter) वाक्यांश संलग्न भएको हुँदा यस विषयमा गर्नुपर्ने पर्यास आधार तथा प्रमाण रहेको छ। करदाता नेपाल टेलिकमले मिति २०७३/०१/२६ मा रु.१३३२।९६ करकट्टी गरी भुक्तानी गरेको रकम रु.८८,८६४।०० लाई आयमा

समावेश गरेको नदेखिएको भनी आयकर ऐन, २०५८ को दफा ७ (२) अनुसार आयमा समावेश गर्ने गरी भएको संशोधित आयकर निर्धारण नेपाल टेलिकमबाट जारी भएका पत्रहरूबाट स्पष्ट पुष्टि भईरहेको सन्दर्भमा कारोबार रकम फरक परेको भनी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण हुँदा सोलाई बदर गरी थप गरिएको दायित्वबाट मुक्त गरी निर्णय गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७८।०८।२८ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०७/०४ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी मध्यमस्तरीय करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता अत्तारी ट्रेड एण्ड सप्लायर्सका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री जुबिन निरौला खत्रीले मध्यमस्तरिय करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जाराले मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत विधिसम्मत रहेको हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा मध्यमस्तरीय करदाता कार्यालय बबरमहल काठमाण्डौबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गरेको विभागका महानिर्देशकको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. करदाताको पुनरावेदन पत्र हेर्दा पहिलो पुनरावेदन जिकिर मध्यमस्तरीय करदाता कार्यालयले करदाताले रु.१९,८१,२०२।८७ कम ऋण देखाएकोले उक्त रकम आयमा समावेश गरेको निर्णय त्रुटीपूर्ण भन्ने देखिन्छ। आ.व. २०७२।०७३ को लागि करदाताले

पेश गरेको आय विवरण र सो साथ संलग्न वित्तीय विवरणको वासलातमा रु.८०,००,०००।०० ऋण रकम र नाफा नोक्सान हिसावमा रु.१०,५१,,८९०।७९ बैंक ब्याज र कमिसन खर्च दावी गरेको देखियो। करपरीक्षणका समयमा करदाताले पेश गरेको कुमारी बैंक लि.को सेप्टेम्वर १९,२०२० को पत्रमा आ.ब. २०७२।०७३ मा ऋण तिर्न बाकी STL as on Ashad २०७६ र overdraft as on Ashad २०७६ गरी जम्मा रु.९९,८१,२०२।८७ भन्ने उल्लेख भएको देखियो। करदाताको वासलातमा रु.८०,००,०००।०० मात्र ऋण रकम देखाई रु.१९,८१,२०२।८७ बराबरको दायित्व कम देखाई आय विवरण पेश गरेको भनी सोही रकम बराबर सम्पत्ति निसर्ग गरेको मानी मध्यमस्तरीय करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा ४०(२) बमोजिम आयमा किन समावेश नगर्ने भनि च.नं.१३९८ मिति २०७७।८।२३ मा सूचना जारी गरेको र उक्त सूचना करदाताका अख्तियार प्राप्त लेखापाल जित बहादुर वि.क.ले मिति २०७७।०८।२३ मा बुझिलिई मौकामा जानकारी पाएको देखियो।उक्त ऋण रकम कम भई फरक पर्नाको ठोस एवं मनासिव आधार र कारण करदाताले पेश नगरेको स्थितिमा कम ऋण दायित्व देखिएको उक्त रु.१९,८१,२०२।८७ आयकर ऐन २०५८ को दफा ४०(२) बमोजिम सम्पत्ति निसर्ग गरेको मानी आयमा समावेश गर्ने गरी संशोधित कर निर्धारण गरेको कानून बमोजिमको देखिंदा शुरू कर कार्यालयले गरेको निर्णय र सोही निर्णयलाई आन्तरिक राजस्व बिभागका महानिर्देशकबाट सदर गरेको निर्णय समेत अन्यथा गर्नु पर्ने देखिएन।

१२. पुनरावेदकको दोश्रो पुनरावेदन जिकिर बिक्री रकम कम देखाएको भन्ने रहेको पाइन्छ। करदाताले नेपाल टेलिकमबाट प्राप्त गरेको कमिशन बापत रकम रू.४३,८८,७२०।०० आय विवरणमा उल्लेख गरेको पाइयो। मिति २०७३।०९।०७ मा नेपाल टेलिकमबाट जारी भएको पत्रका साथै नेपाल टेलिकम(मध्यपश्चिम क्षेत्रीय निर्देशनालय)नेपालगञ्जले आ.व.२०७२।०७३ को लागि जारी गरेको कर कट्टी विवरणबाट समेत कमिशन बापत रू.४३,८८,७२०।०० रहेको तथ्य स्थापित भएको छ।नेपाल टेलिकमले मिति २०७३।०१।२६ मा रु.१३३२।९६ करकट्टी गरी भुक्तानी गरेको रकम रु.८८,८६४।०० लाई आयमा समावेश गरेको नदेखिएकोले उक्त रकम रू.८८,८६४।०० आयकर ऐन, २०५८ को दफा ७(२) अनुसार आयमा समावेश गर्ने गरी संशोधित कर निर्धारण आदेश भएको देखिन्छ।करदाताले पुनरावेदन पत्रमा नेपाल टेलिकमले करकट्टी गरे बापत भुक्तानी गरेको रु.१३३२।९६ वरावरको अग्रिम करको सन्दर्भ कुनै जानकारी नभएको र रु.८८,८३४ आयमा समावेश गर्नु नपर्ने भनी जिकिर लिए पनि मौकामा मध्यमस्तरीय करदाता कार्यालयमा उपस्थित भई उक्त रकम आयमा

समावेश गर्नु नपर्ने ठोस कानूनी आधार र सबुद प्रमाण पेश गर्नुपर्नेमा करदाताले त्यसो गर्न सकेको नपाईदा हाल लिएको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१३. अब पुनरावेदकको तेश्रो पुनरावेदन जिकिर हेर्दा, कारोबार रकम फरक परेको सम्बन्धी विषय देखिन्छ।शुरु मध्यमस्तरीय करदाता कार्यालयले करदाताको आ.व.२०७२।०७३ को खरिद खाता,विक्री खाता,आय विवरणको अनुसूची १३ र मिसम्याच भिडान गर्दा रू.४,९५,३८२।५४ कम विक्री देखिएको पाइन्छ।नेपाल दूरसंचार कम्पनी लिमिटेड र पानस फार्मास्यूटिकल्स प्रा.लि. लाई करदाताले विक्रि गरेको रकम अनुसूची १३ मा कम विक्री देखाएको तथा विक्री खातामा समेत उल्लेख नगरेको भन्ने देखिन्छ। उक्त रकम बराबरको मेरो विक्रि होईन भन्ने उक्त पार्टीहरुबाट कन्फरमेशन पत्रसमेत करदाताले कर परीक्षणको क्रममा तथा कर निर्धारणको सूचनाको म्याद भित्र पेश गरेको देखिएन। करदाताले यसरी बिक्रि फरक पर्नुको आधार कारण तथा आफ्नो प्रमाण पेश गर्नुपर्ने दायित्व पुरा नगरेको सन्दर्भमा करदाताले मैले उक्त रकम आयमा समावेश गरेको छु भनी विना आधार प्रमाण लिएको जिकिर विश्वसनीय देखिन आएन।मध्यमस्तरीय करदाता कार्यालयले कम बिक्रि देखाएको रकम रू.४,९५,३८२।५४ लाई आयकर ऐन २०५८ को दफा ७ बमोजिम मुनाफा र लाभमा समावेश गरी संशोधित आयकर निर्धारंण गरेको मुनासिव नै देखिंदा शुरू कर कार्यालय र आन्तरिक राजस्व बिभागबाट गरिएको निर्णय परिवर्तन गर्नु पर्ने देखिएन।

१४. तसर्थ माथि उल्लिखित आधार एवं कारण समेतबाट करदाता अत्तारी ट्रेड एण्ड सप्लायर्स(स्थायी लेखा नः३०१८१४९६६)को आय वर्ष २०७२/०७३ को संसोधित कर निर्धारण गरी मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७७/०९/२७ मा भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८/०३/१३ मा भएको निर्णय समेत मिलेकैं देखिँदा सदर हुने ठर्हछ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल मध्यमस्तरीय करदाता कार्यालय बबरमहलमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा मेरो सहमती छ।

(पुष्पप्रसाद गुरागाई)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नु हुनेः-
इजलास अधिकृतः-खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।०८।२०।३
फैसला प्रमाणीकरण गर्ने लेखा सदस्य :-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप